जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक २३१ २०७८ साल बैशाख ४ गते शनिबार (17 Apr. 2021 Saturday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले भुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

यस अंक भित्र : २ पृष्ठमा : महन्थ ठाकुर : राजनीतिका ... ३ पृष्ठमा : अभिभावकमा कोरोनाको ... ३ पृष्ठमाभारतमा एकै दिनमा कोभिड-१९...

# प्रधानमन्त्री स्वेच्छाचारी तरिकाले अघि बढीरहेका छन् : डा. कोइराला




**दैनिक समाचारदाता**
**राजविराज, ३ बैशाख ।**

नेपाली काँग्रेसका केन्द्रिय सदस्य डा. शेखर कोइरालाले प्रधानमन्त्री केपी शर्मा ओली स्वेच्छाचारी तरिकाले अघि बढीरहेको आरोप लगाएका छन् ।

राजविराजमा शुक्रबार राजविराज आँखा एण्ड जनरल हस्पिटल प्रालीको उद्घाटन कार्यक्रममा बोल्दै उनले सो आरोप लगाएका हुन् ।

नेता कोइरालाले प्रधानमन्त्रीलाई नहटाएसम्म समस्याको समाधान ननिस्कने दाबी गर्दै यस्तो बेलामा नेपाली काँग्रेस र जनता समाजवादी जस्ता प्रतिपक्षी पार्टीले पनि ठोस भूमिका निर्वाहा गर्न नसकिरहेको बताए ।

संसदलाई अनिर्णयको बन्दी बनाएर लामो समयसम्म राख्न नमिल्ने भन्दै उनले संसद भूमिकाविहीन भइरहेको तथा राजनीतिक अन्यौलता बढीरहेको अवस्थामा केही उपाय नचले निर्वाचनमै जानु उचित हुने उनको भनाई छ । आगामी मंसिरदेखी चैतसम्म भएपनि निर्वाचनमा जानु उपयुक्त हुने नेता कोइरालाको कथन थियो ।

लामो समयदेखी रिक्त रहेको उपसभामुख पदको निर्वाचन समेत नगरेर संसदलाई कमजोर बनाइएको उनको भनाई छ । नेता कोइरालाले काँग्रेस आफै अलमलमा रहेको र जनता समाजवादी पार्टी आफै दुई कित्तामा उभिन पुगेकोले देश अलमलमा परेको उल्लेख गरे ।

अस्पतालका अध्यक्ष सन्तोषकुमार यादवको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा सल्लाहकार शिवनारायण चौधरी, काँग्रेस सप्तरीका सभापति दिनेश यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, वडा नं. ५ अध्यक्ष समिर भाले पनि शुभकामना दिएका थिए ।

# हात्तिको आक्रमणबाट एकको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, ३ बैशाख ।**

सप्तरीमा जंगली हात्तिको आक्रमणबाट शुक्रबार बिहान एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदह (कोशी ब्यारेज) का ६५ वर्षिय नारायण प्रमाणि राजधोबको रहेका छन् ।

घटनास्थलमा हात्तिको पाइलाको निशानका साथै प्रमाणीको शरीरको विभिन्न भागमा हात्तिले सुड तथा पाइलाले थिचेको चोट पटक र निल डाम देखिएको प्रहरीको भनाई छ ।

शुक्रबार बिहान आफ्नै खेतमा मृत अवस्थामा फेला परेका प्रमाणीको शव पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पताल ल्याई पुऱ्याइएको प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

यसअघि गत मंसिर २७ गते पनि सप्तरीको सुरुङा नगरपालिका ३ का ७० वर्षिय सीताराम साहको हात्तिको आक्रमणबाट ज्यान

*बाँकी अन्तिम पृष्ठमा*

# बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३ बैशाख ।**

बैंकिङ कसुर मुद्दामा अदालतबाट कैद सजाय तोकिएका एक फरार प्रतिवादीलाई सप्तरी प्रहरीले शुक्रबार पक्राउ गरेको छ ।

घरमै लुकिबसेको गोप्य सूचनाको आधारमा राजविराज १६ निवासी करण कुमार दासलाई प्रहरीले पक्राउ गरेको हो ।



काठमाडौंस्थित नवमैत्री बचत तथा ऋण सहकारी संस्था लि. का प्रबन्धक डिल्लीप्रसाद भट्टराईको जाहेरीले वादी नेपाल सरकार भएको बैंकिङ कसुर मुद्दामा २०७७ मंसिर १५ गते प्रतिवादी दासमाथी उच्च अदालत पाटन, ललितपुरको संयुक्त बाणिज्य इजलासले १२ लाख जरिवाना र १० दिन कैद सजाय ठहर गरेको थियो ।

फैसला लगत्तै फरार भएका दासलाई पक्राउ गरि शुक्रबारै सप्तरी जिल्ला अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# बसको ठक्करबाट एम्बुलेन्स चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३ बैशाख ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको शम्भुनाथ खण्डमा शुक्रबार बिहान बसले एम्बुलेन्सलाई ठक्कर दिदा एम्बुलेनस चालकको मृत्यु भएको छ ।

पश्चिमबाट पूर्वतर्फ आइरहेको ना.६ख. ७८९२ नम्बरको यात्रुबाहक बसले शम्भुनाथ नगरपालिका ३ स्थित शम्भुनाथ मन्दिर प्रवेशद्वार नजिकै विपरीत दिशाबाट आउँदै गरेको स.१च. ५५२ नम्बरको एम्बुलेन्सलाई ठक्कर दिँदा एम्बुलेन्स चालक सिरहाको सुखीपुर निवासी ४५ वर्षिय छेदिलाल कामतको घटनास्थलमै मृत्यु भएको हो ।

मृतकको शव पोष्टमार्टमका लागि लहानस्थित रामेश्वर मुरारका अस्पतालमा पठाइएको छ । ठक्कर दिने बस प्रहरी नियन्त्रणमा लिइए पनि चालक भने फरार भएको र खोजि कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



# हराएको ३७ वर्षपछि फर्किएको मूर्ति हस्तान्तरण

काठमाडौँ, ३ बैशाख (रासस)।

ललितपुर महानगरपालिका-१६ स्थित नारायण मन्दिरमा रहेको मूर्ति हराएको ३७ वर्षपछि फेला परेको छ। संयुक्त राज्य अमेरिकामा फेला परेको मूर्ति बिहीबार पुरातत्व विभागले ललितपुर महानगरपालिकालाई हस्तान्तरणसमेत गरेको छ। पुरातत्व विभागका महानिर्देशक दामोदर गौतमले महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलाई मूर्ति हस्तान्तरण गर्नुभएको हो।

सो मूर्तिलाई हालका लागि पाटन सङ्ग्रहालयमा सुरक्षितरूपमा राखिने भएको छ। मन्दिरमा आवश्यक सुरक्षाको प्रबन्धपछि मन्दिरमा प्रतिस्थापन हुने बताइएको छ। महानगरपालिकाको मोमुडु गल्लीस्थित नारायण मन्दिरमा वासुदेव कमलाज (लक्ष्मीनारायण) को मूर्ति रहेको थियो। जम्मा ७० किलोग्राम तौल रहेको मूर्ति सन् १९८४ मा हराएको विभागले जनाएको छ। मध्यकालीन नेपाली मूर्तिकलाको नमूनाका रूपमा रहेको र प्रस्तरबाट बनेको मूर्ति १५औं शताब्दीको मानिन्छ।

सन् २०२० मा सो मूर्ति अमेरिकाको टेक्ससस्थित डल्लास सङ्ग्रहालयमा रहेको जानकारी प्राप्त भएको थियो। त्यसपछि नै मूर्तिका बारेमा छलफल भएर फिर्ता ल्याउन प्रक्रिया शुरु भएको थियो। विभागले मूर्तिका बारेमा आवश्यक जानकारी सङ्कलन गरेर संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत परराष्ट्र मन्त्रालय पठाएको थियो। प्रमाणका आधारमा अमेरिकास्थित नेपाली दूतावासको अग्रसरतामा सम्झौता भई मूर्ति फर्काउन पहल भएको विभागले जनाएको छ।

विसं २०७७ चैत ३१ मा मूर्ति नेपाल फर्काइएकामा बिहीबार नै विभागले जिम्मेवारी लिएको थियो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव यादवप्रसाद कोइरालाले सबैको समन्वयमा हराएको मूर्ति फर्काउन सकिएको बताउनुभयो। मूर्ति फर्कंदा हराएको छोरो घर फर्किएजस्तै भएको उहाँको भनाइ छ। कुनै पनि मन्दिरका मूर्ति स्थनीय तह र स्थानीयवासीसँगको सक्रियता भएमा मन्दिरमा राख्न सकिने उहाँले बताउनुभयो। उहाँले

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारको लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# महन्थ ठाकुर : राजनीतिका एक सन्यासी !



नेपालको राजनीति अहिले जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष महन्थ ठाकुरको वरिपरि घुम्न थालेको छ। कतिपयले ठाकुरलाई सम्भावित प्रधानमन्त्रीकै रूपमा चर्चा गर्न थालेका छन्। नजिकबाट नचिनेकाहरुले पनि सोध्न थालेका छन्– आखिर को हुन् महन्थ ठाकुर ?

प्रतिनिधि सभाका ज्येष्ठ सदस्य, ७८ वर्षीय महन्थ ठाकुर जति शालीन र भद्र देखिन्छन्, उनीभित्र त्यतिकै क्रान्ति र विद्रोह पनि छ। महन्थको जीवन सङ्घर्षको कथाले भरिएको छ। ७८ वर्षको उमेरमा पनि उनी सङ्घर्षको राजनीतिमा सक्रिय छन्।

**को हुन् ठाकुर ?**

महोत्तरीको पिपरा गाउँपालिकास्थित एकरहियामा जन्मेका महन्थ ठाकुर नेपाली काँग्रेस छाडेर तमलोपाको अध्यक्ष हुँदै मधेसको राजनीतिमा आएका हुन्। ठाकुरको राजनीतिक पृष्ठभूमि काँग्रेस हो। काँग्रेसमा उनको यात्रा २०१६ मा विद्यार्थी राजनीतिबाट सुरु भयो। काँग्रेसको कोषाध्यक्ष र विज्ञान तथा प्रविधि मन्त्री छाडेर २०६४ सालमा उनी मधेसको राजनीतिमा हेलिएका हुन्।

ठाकुरको प्रारम्भिक शिक्षा गाउँमै भएको थियो। उच्च शिक्षाका लागि जनकपुर आएपछि ठाकुरले राजनीतिमा चासो लिन थाले। जनकपुरमा उनी हरिहर विरही, महेन्द्रकुमार मिश्र, केशव कोइराला आदिसँगको सङ्गतमा परेर काँग्रेसमा लागे।

जनकपुरका पत्रकार राजेश्वर नेपालीका अनुसार २०२६ सालतिर ठाकुर काँग्रेसनिकट छात्र सङ्घको सभापति भएका थिए। उनी नेपाल विद्यार्थी सङ्घका संस्थापक केन्द्रीय सदस्य पनि हुन्।

महन्थ ठाकुर विद्यार्थीकालमा २०१७ साल पुस १ मा राजा महेन्द्रले गरेको 'कु' विरुद्ध आन्दोलन गर्ने क्रममा पक्राउ परे। त्यतिबेला उनीमाथि राजकाजको मुद्दा लागेको थियो।

जेलमै बसेर उनले स्नातकोत्तर अध्ययन गरे। उनले कानुनमा स्नातक (बीएल) समेत अध्ययन गरेका छन्।

उच्च शिक्षा सकेपछि ठाकुरले जनकपुर क्याम्पसमा प्राध्यापक भएर काम गर्न थाले। प्राध्यापकको काम गर्दागर्दै उनी राजनीतिमा पनि सक्रिय थिए। विद्यार्थीहरुले गरेको आन्दोलनमा उनी सहभागी भएपछि उनलाई प्राध्यापकबाट हटाइयो।

प्राध्यापकबाट हटेपछि उनी सन् १९७५ मा नेपाली काँग्रेसले भारतको सीतामढीमा बनाएको क्याम्पमा गए। त्यो क्याम्पको नेतृत्व गणेश नेपालीले गरेका थिए। महोत्तरीका बजरङ्ग नेपाली भन्छन्, राजा वीरेन्द्रको राज्याभिषेक हुनेबेलामा भारतीय प्रहरीद्वारा महन्थ ठाकुरसहित गणेश नेपाली, वासुदेव कोइराला लगायतका नेताहरु समातिए। उनीहरुमाथि हातहतियार ओसार-पोसार गरेको आरोप थियो। उनीहरुलाई पक्राउ गरेर विहारको मुजफ्फरपुर जेलमा राखियो। विहारको मुख्यमन्त्रीमा कर्पुरी ठाकुर नियुक्त भएपछि उनीहरुको मुद्दा फिर्ता भयो।

सन् १९७७ मा राष्ट्रिय मेलमिलापको नारा दिएर काँग्रेसका नेताहरु नेपाल फर्केका थिए। त्यसबेला विहारबाट आउनेबित्तिकै महन्थलाई नेपाल प्रहरीले पक्राउ गर्यो र उनलाई सर्लाहीको मलङ्गवा जेलमा राखियो। उनी २०३६ सालमा रिहा भए। र, जनमत सङ्ग्रहमा बहुदलको प्रचार-प्रसारमा लागे।

महन्थको राजनीतिक यात्रा जनकपुरबाट सुरु भएको थियो। उनको जन्मथलो महोत्तरी भए पनि कर्मक्षेत्र भने सर्लाही थियो। सर्लाहीमा उनी वकालतको काम गर्थे। वकालत गर्नुका साथै राजनीतिक सक्रियता पनि त्यस्तै थियो।

सर्लाहीका भिखारी मन्सुर सम्झन्छन्, 'महन्थ ठाकुर सर्लाहीमा कानुन व्यवसायीका रूपमा आउनुभयो। तर उहाँ नेता हुनुभयो। वकालतभन्दा बढी राजनीतिक गतिविधिमा उहाँको रुचि थियो।'

वकालतका साथै सर्लाही क्याम्पसमा महन्थले अध्यापन पनि गराउँथे। भिखारी मन्सुर मेयरमा चुनाव लडेपछि उनको प्रचार-प्रसारमा ठाकुर लागेका थिए। प्रध्यापक भएर चुनाव प्रचारमा लागेको भन्दै त्यहाँबाट उनलाई बर्खास्त गरियो। भिखारी र ठाकुर दुवै राजनीतिक सहकर्मी हुन्।

भिखारी मन्सुरका अनुसार २०४६ सालको आन्दोलनमा महन्थ जेल परेका थिए। आन्दोलन सफल भएपछि बहुदल आयो र उनी रिहा भए।

**पारिवारिक 'ट्र्याजेडी'**

महन्थ ठाकुरलाई नजिकबाट चिन्नेहरुले उनलाई त्यागी नेता मान्छन्। राजनीतिमा लागेपछि निजी सम्पत्ति त्याग गरेका छन्। उनलाई सकुम्बासी नेताभन्दा पनि हुन्छ। न उनको आफ्नो जमिन छ, न घर।

काठमाडौँमा महन्थ छोरी-ज्वाइँका घरमा बस्छन्। काठमाडौँबाट मधेस जाँदा कहाँ बस्ने ठेगान हुँदैन। कहिले होटलमा बस्छन्, कहिले कार्यकर्ताको घरमा।

महोत्तरीमा ठाकुरको आफ्नो जग्गाजमिन र घर छैन। सर्लाहीमा काम गर्दा उनले जमिन किनेर घर बनाएका थिए। पछि उनले त्यो घर पार्टीलाई दिएको निकटस्थहरु बताउँछन्। सोही घरमा पार्टीका गतिविधि हुन थालेपछि घर छाडेर उनी डेरा लिएर बस्न थालेको भिखारी मन्सुरले रातोपाटीलाई बताए।

मधेसी दल खोलेपछि ठाकुरले त्यही घरमा नयाँ दलका गतिविधि सुरु गरे। अहिले त्याहाँ जसपा नेपालको गतिविधि हुन्छ। त्यो सम्पत्ति पार्टीले उपभोग गरिरहेको छ।

महन्थका दाजुभाइ दुई जना हुन्। जगदीश ठाकुर उनका दाजु हुन्। जगदीशको निधन भइसकेको छ।

महन्थको पहिले महोत्तरीमा जग्गा र घर थियो। जनकपुर आएर राजनीति सुरु गरेपछि उनले जमिन र घरको मतलबै गर्न छाडे। त्यसको खोजबिनै गरेनन्। दाजुले नै जोतभोग गरे। महन्थका दाजुतिरको परिवार अझै पनि महोत्तरीमै छ।

महन्थका नाति दुर्गेश ठाकुर भन्छन्, 'हजुरबुवाले कहिल्यै केही खोज्नुभएन। राजनीतिमा लागेपछि कहिल्यै पनि घरतिर फर्केर हेर्नुभएन। जनकपुरमा बस्न थाल्नुभयो। त्यहीँबाट कहिले जेल, कहिले भारत त कहिले कहाँ-कहाँ हुनुभयो।'

नाति दुर्गेशका अनुसार महन्थको अधिकांश समय महोत्तरीभन्दा बाहिरै बित्यो। घरपरिवारसँग मतलबै राखेनन्। उनले राजनीतिलाई नै सबथोक माने। उनका लागि परिवार र सम्पत्ति केही होइन।

सर्लाहीमा डेरा गरी बस्दा २०४५ सालतिर खाना पकाउने क्रममा स्टोभ पड्किएर महन्थकी श्रीमती घाइते भइन्। उपचारकै क्रममा उनको मृत्यु भयो। महन्थको विवाह भारतमा भएको थियो। सर्लाहीको डेरामा उनी श्रीमतीका साथ बसेका थिए।

महन्थका दुईजना छोराछोरी रहेकोमा दुर्घटनामा परेर छोराको मृत्यु भइसकेको छ। छोरी डा. मिनाक्षी झाको विहाबारी भइसकेको छ।

**काँग्रेस नेताका रूपमा महन्थ ठाकुर**

२०४८ को आम चुनावमा नेपाली काँग्रेसका तर्फबाट सर्लाही-५ बाट जितेर महन्थ प्रतिनिधि सभामा आए। उनी २०५१ सम्म उपसभामुख बने। त्यसबेला दमननाथ ढुङ्गाना सभामुख थिए।

२०५१ सालको मध्यावधि चुनावमा पनि महन्थले सर्लाहीबाट जिते। त्यसपछि उनी कृषि मन्त्री भए। ०५६ सालपछि उनी कानुनमन्त्री पनि बने।

काँग्रेसमा रहँदा ठाकुर गिरिजाप्रसाद कोइरालाका विश्वास पात्रमध्येका एक थिए। काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल भन्छन्, 'महन्थ ठाकुरलाई पार्टीमा निकै सम्मान थियो। गिरिजाबाबुले उहाँलाई निकै माया गर्नुहुन्थ्यो।'

उपसभामुख बनाउनेदेखि लिएर एकैचोटि केन्द्रीय सदस्यबाट कोषाध्यक्ष तथा विभिन्न समयमा मन्त्री बनाउने काम पनि पार्टीले गरेको बताउँदै पौडेल भन्छन्, 'तर यति सम्मान र प्रतिष्ठा हुँदाहुँदै उहाँ किन काँग्रेस छाडेर जानुभयो, उहाँलाई नै थाहा होला।'

काँग्रेसमा ठाकुरलाई क्रान्तिकारी एवं आन्दोलनकारी नेताका रूपमा लिइन्थ्यो। जस्तोसुकै चुनौती हाँसी-हाँसी स्वीकार गर्ने गुण ठाकुरमा रहेको काँग्रेस नेता पौडेलले सम्झन्छन्।

धेरै नबोल्ने, कुनै पनि विषयलाई गम्भीर रूपमा लिने र त्यसको समाधान गर्नेतिर लाग्ने ठाकुरको स्वाभाव रहेको उनी बताउँछन्।

सर्लाहीमा रहँदासम्म ठाकुर नेपाली काँग्रेसका जिल्ला सदस्य थिए। २०४८ सालमा चुनाव जितेर संसदीय राजनीतिमा आएपछि काँग्रेसको केन्द्रीय सदस्य बने। उनी कृषि, सञ्चार, विज्ञान र कानुन मन्त्रीसम्म बन्न सफल भए।

**काँग्रेस छाडेर मधेसतिर**

महन्थ ठाकुर काँग्रेसमा कोषाध्यक्ष र विज्ञान तथा प्रविधिमन्त्री भएकै बेला ती पदहरुबाट राजीनामा दिएर मधेस राजनीतिमा लागेका हुन्।

धनुषाका काँग्रेस सभापति रामसरोज यादवका अनुसार ठाकुरले पार्टीको महामन्त्री माग गरेका थिए। तर गिरिजाप्रसाद कोइरालाले सो पद डा. रामवरण यादवलाई दिएपछि उनी पार्टी परित्याग गरेर मधेस राजनीतिमा लागेका हुन्।

तर जसपा नेपालका नेता वृषेशचन्द्र लाल भने काँग्रेस मधेसको माग र अधिकारमा गम्भीर नभएका कारण महन्थले पार्टी छाडेको बताउँछन्।

महन्थले काँग्रेस छाड्दै गर्दा मधेसमा आन्दोलनको सुरुवात भइसकेको थियो। काँग्रेसमा महन्थ ठाकुर, विजयकुमार गच्छदार, जेपी गुप्तालगायतका नेताहरुले मधेसको अधिकारका लागि अवाज उठाइरहेका थिए। अन्ततः काँग्रेसले कुनै सुनुवाइ नगरेको भन्दै महन्थ ठाकुरसहित अन्य नेताहरुले काँग्रेस छाडे।

**तमलोपा गठन**

नेपाली काँग्रेस छाडेपछि महन्थ ठाकुरले आफ्नै नेतृत्वमा २०६४ सालमा तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) गठन गरे। तत्कालीन मधेसी जनअधिकार फोरम र सद्भावना पार्टीसँग मोर्चा बनाएर तमलोपा पनि मधेस आन्दोलनमा होमियो।

आन्दोलन सफल भएपछि २०६५ सालमा भएको संविधान सभा चुनावमा महन्थ सर्लाहीबाट चुनाव लडे। तर जित्न सकेनन्। पछि उनलाई मन्त्रिपरिषद्बाट मनोनयन गरेर संविधान सभा सदस्य बनाइयो।

पहिलो संविधान सभाको

*बाँकी तीन पृष्ठमा*

# अभिभावकमा कोरोनाको त्रास, विद्यालय सञ्चालनमा चुनौती

काठमाडौँ, ३ वैशाख (रासस) ।

कोरोना भाइरसको दोस्रो लहरको जोखिम बढेसँगै शहरी क्षेत्रका शिक्षालय बन्द गरी पुनः अनलाइन कक्षा सञ्चालनका लागि तयारी भए पनि शिक्षण संस्थाहरू सरकारको निर्णयको प्रतीक्षामा रहेका छन् । बालबालिकामा समेत सङ्क्रमण देखिएपछि काठमाडौँ उपत्यकाका निजी र सामुदायिक विद्यालयका कतिपय अभिभावकले पढाइभन्दा ज्यान ठूलो ठानेर आफ्ना छोराछोरीलाई पठाउन छाडेका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सभा, समारोह, विद्यालय, भीडभाड हुने व्यावसाय र रात्रिकालीन होटलजस्ता स्थान सञ्चालन नगर्न पटकपटक आग्रह गरेको छ भने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय बन्दका विषयमा सरोकार भएका पक्षसँग परामर्श गरी सुझाव तयार गरेको छ । बालबालिका चरित्रका दृष्टिकोणले चञ्चले, उत्सुक, जिज्ञासु, नक्कल गर्ने, जिद्दी तथा अनुसन्धानकर्ता हुने हुँदा र समूहमा बस्दा कोभिड-१९ को जोखिम अत्यधिक हुने भएकाले जोखिम भएका स्थानमा बालबालिकालाई सुरक्षित राख्नु चुनौतीपूर्ण देखिएको छ । पछिल्लो एक सातामा मात्रै करिब ३०० बालबालिका सङ्क्रमित भइसकेका छन् । शिक्षा मन्त्रालयका सचिव रामप्रसाद थपलियाले सिकाइ निरन्तरताबारे सरोकारवाला पक्षबाट प्राप्त सुझाव र मन्त्रालयको राय समेटेर कोभिड-१९ केन्द्रीय निर्देशन तथा व्यवस्थापन समिति (सिसिएमसी) र मन्त्रिपरिषद्मा सुझाव पठाइएको जानकारी दिनुभयो ।

गत वर्ष बन्दाबन्दीका अवधिमा पाठ्यवस्तुमा समायोजन गरी अनलाइन, टेलिभिजन, रेडियोजस्ता सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सिकाइ निरन्तरता दिइएको थियो । मुलुकका सबै भागमा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभाव र सबै शिक्षक सूचना प्रविधिमा पोख्त नभएकाले वैकल्पिक माध्यमको सिकाइ प्रभावकारी नभएको विभिन्न अध्ययनले देखाएको थियो । सरकारले तोकिएको कार्यविधिका आधारमा जनस्वास्थ्यका मापदण्ड पालना गरेर विद्यालय पुनः सञ्चालनको जिम्मेवारी स्थानीय तहलाई दिएको थियो । शिक्षा विकास तथा मानव संशाधन केन्द्रले विद्यार्थीका लागि स्वअध्ययन सामग्री प्रकाशन गरेको थियो भने कतिपय विद्यालयका शिक्षकले घरघर र टोलटोलमा पुगेर पनि पढाउन पहल गरेका थिए । यस्ता प्रयासलाई पुनः थालनी गर्न सकिने भए पनि प्रत्यक्षरूपमा पढाइएको सरहको सिकाइ उपलब्धि नहुने ठानिएको छ । शिक्षा मन्त्रालयले आफ्नो परिवेश र उपलब्ध सञ्चार पहुँचका आधारमा दूर तथा खुला शिक्षालगायत वैकल्पिक प्रणालीको माध्यमबाट प्रभावकारी र व्यवस्थितरूपमा सिकाइमा निरन्तरता दिन गत जेठ १८ मा जारी गरेको 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका-२०७७' मा पनि परिमार्जनको आवश्यकता देखिएको छ ।

विगत केही समयदेखि बालबालिकामा देखिएको कोभिड-१९ को सङ्क्रमण र सो भाइरसको जोखिमयुक्त अनुवांशिक परिवर्तन बालबालिका र युवा समुदायमा फैलिएको सन्दर्भमा अभिभाभवक र बालअधिकारकर्मी चिन्तित छन् । बालसंरक्षण र बालअधिकारका क्षेत्रमा क्रियाशील नागरिक संस्थाको सञ्जाल बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले यसप्रति गम्भीर हुन र वैकल्पिक माध्यमबाट कक्षा सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराएको छ । सिजपका अध्यक्ष नरेन्द्र डङ्गोलले जोखिम मूल्याङ्न गरी विद्यालय कम्तीमा तत्कालका लागि तीन हप्ता भौतिकरूपमा सञ्चालन नगरी शिक्षण सिकाइको वैकल्पिक प्रबन्ध गर्न तथा विद्यालय भौतिकरूपमा सञ्चालन गर्नुपूर्व शिक्षक तथा विद्यालयका कर्मचारीलाई प्राथमिताका साथ कोभिड-१९ विरुद्धको खोप दिन आग्रह गर्नुभयो ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) का अध्यक्ष टीकाराम पुरी भने गत वर्षको बन्दाबन्दीका अवधिमा आफ्ना ५० प्रतिशत विद्यालयमा अनलाइन शिक्षाको पहुँच नभएकाले स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरेर विद्यालय सञ्चालन गर्नुको विकल्प नभएको बताउनुहुन्छ । नेपाल अभिभावक सङ्घका अध्यक्ष यादव शर्माले अनलाइन कक्षावापत शुल्क लिइएकामा आपत्ति जनाउनुभयो । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार हाल मुलुकका ६० प्रतिशत जनतामा इन्टरनेटको पहुँच छ । हाल मुलुकभर कूल ३५ हजार ६०१ विद्यालयमा गरी ७१ लाख विद्यार्थी छन् । एक तथ्याङ्कअनुसार मुलुकभर इन्टरनेटमा ७५ प्रतिशत, रेडियोमा ८५ प्रतिशत, टेलिभिजनको पहुँच ७२ प्रतिशत जनसङ्ख्यामा र मोबाइल प्रयोगकर्ता चार करोड मानिसमा रहेको पाइएको छ ।

## महन्थ ठाकुर ...

समयमा महन्थको पार्टी पटक-पटक सरकारमा गयो । तर ठाकुर आफू कहिल्यै मन्त्री बनेनन् । मन्त्री बन्न पटक-पटक आएको प्रस्ताव उनले इन्कार गरे ।

दोस्रो संविधान सभा चुनावमा पनि उनी सर्लाहीमा पराजित भए । तर चुनावमा पराजित भए पनि राजनीतिक सक्रियतामा कमी ल्याएनन् । संविधान निर्माणको विषयमा हुने छलफल होस् वा कुनै उच्च स्तरीय वार्ता होस्, सबैमा पार्टीका तर्फबाट उनको उपस्थिति हुन्थ्यो ।

२०७० मा भएको तेस्रो मधेस आन्दोलनमा पनि ठाकुर सक्रिय भएर लागे । कहिले मोर्चा बनाएर त कहिले एक्लै उनी मधेस आन्दोलनमा निरन्तर रहे ।

महन्थ संसदमा नहुँदा पनि उनको सक्रियता कम थिएन । कहिले उनलाई राष्ट्रपति बनाउने चर्चासमेत चल्थ्यो ।

२०७४ मा भएको प्रतिनिधि सभा चुनावमा आफ्नो जन्मथलो महोत्तरीबाट ठाकुरले चुनाव जिते । मधेसमा रहेका तमलोपासहित अन्य विभिन्न ६ दललाई मिलाएर उनले राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) बनाएका थिए । सुरुमा उनलाई त्यो पार्टीको संयोजक बनाइएको थियो, पछि आलोपालो प्रणाली लागू गरी अन्य नेताहरु पनि संयोजक भए ।

यसबीचमा ६ वटा दल मिलेर बनेको राजपामा निकै उतार-चढाव आयो । कहिलेकाहीँ पार्टी फुट्ने अवस्थामा पनि पुग्थ्यो । तर महन्थ चुपचाप त्यसलाई सल्टाउँथे । तथापि राजपा कहिल्यै स्थिर रहन सकेन । एकातिर राज्यविरुद्धको सङ्घर्ष र अर्कोतिर पार्टीभित्रको अन्तरसङ्घर्षलाई उनले सँगसँगै लगिरहेका थिए ।

यसैबीच २०७७ सालमा राजपा नेपाल र समाजवादी पार्टीबीच एकीकरण भयो र जनता समाजवादी पार्टी नेपाल (जसपा) बन्यो । अहिले उनी जसपाका एक नम्बरका अध्यक्ष हुन् । तर अहिले पार्टीभित्र उनी फरक रूपमा प्रस्तुत भइरहेको हुनाले हाल उनी विशेष चर्चामा छन् । महन्थमाथि अहिले ओलीसँग निकट रहेको आरोप लाग्ने गरेको छ ।

थरुहट र मधेस आन्दोलनका क्रममा पक्राउ परेका रेशम चौधरीलगायत अन्य राजबन्दीको रिहाइ, मुद्दा फिर्ता, संविधान संशोधन लगायतका माग जसले पूरा गर्छ, उसैलाई सहयोग गर्ने भन्दै ठाकुरले प्रधानमन्त्री ओलीसँग पटक-पटक वार्ता गरेका छन् र यही क्रममा ओलीसँग निकट भएका छन् । तर जसपाकै अर्का अध्यक्ष उपेन्द्र यादव र डा. बाबुराम भट्टराईले प्रधानमन्त्री ओलीको विकल्प खोज्नुपर्छ भन्दै पार्टीमा ठाकुरमाथि दबाव बढाइरहेका छन् । ठाकुर भने आफ्नो अडानमा अहिलेसम्म टसको मस भएका छैनन् ।

**उधारो आश्वासन !**

राजनीतिमा लाग्दा महन्थ ठाकुरले धेरैचोटि उधारो आश्वासन पाएका छन् । उनलाई कहिले सभामुखको 'अफर' आयो, कहिले राष्ट्रपति त कहिले उपराष्ट्रपति । अहिले उनलाई भावी प्रधानमन्त्रीसम्म आश्वासन आएको छ । केपी ओलीले नै उनलाई प्रधानमन्त्री बनाउने आश्वासन दिएको चर्चा छ ।

तर पदलाई भन्दा मुद्दालाई प्राथमिकता दिने त्यागी नेता महन्थ भन्दैछन्- 'चेक होइन, क्यास चाहियो । उधारोमा कुनै सहमति हुँदैन ।' रातोपाटीबाट

## हराएको ३७ ...

भन्नुभयो, "त्यसका लागि स्थानीयस्तरमा हामी त्यसको संरक्षण गर्न सक्छौँ भन्ने भावना हुनुपर्छ ।"

विभागका महानिर्देशक गौतमले कुनै पनि ठाउँबाट त्यहाँको सम्पदा बाहिरिन नपाओस् भनेर स्थानीयस्तरमा सचेतना हुनुपर्ने बताउनुभयो । विगतमा हराएका कतिपय मूर्ति फर्काइएको र कतिपय फर्काउने क्रममा रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "सबैले समन्वय गरेर लागेमा फर्काउन सकिन्छ ।" महानगरपालिकाका प्रमुख महर्जनले महानगरभित्र रहेका सम्पदाको संरक्षण गर्न महानगर लागिपरेको बताउनुभयो । सो मूर्ति फर्किएकामा खुशी व्यक्त गर्दै उहाँले त्यसको सुरक्षामा ध्यान पुऱ्याइने बताउनुभयो ।

सन् १९५० भन्दा पहिलेसम्म कति कलाकृति बाहिरियो भन्ने रेकर्ड नभए पनि त्यो समयमा धेरै सम्पदा बाहिरिएको विभिन्न घटनाले देखाएको छ । खासगरी १९७०, १९८० र १९९० को दशकमा धेरै कलाकृति बाहिरिएको पाइन्छ । सन् २००० पछि भने सांस्कृतिक वस्तुको चोरी र निकासी कम हुन थालेको पाइन्छ । आम नागरिकमा सांस्कृतिक महत्व बुझ्दै जाँदा यी वस्तु यथास्थानमा नै प्रतिस्थापन गर्नुपर्छ भन्ने भावना बढ्दै छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनको विकासले नेपालभन्दा बाहिर गैरकानूनीरूपमा निकासी भएका सम्पदा फर्काउन थालिएको विभागले जनाएको छ ।

युनेस्कोको सन् १९७० को गैरकानूनीरूपमा सांस्कृतिक वस्तुको चोरी निकासी र ओसारपसारलाई रोक लगाउनेसम्बन्धी महासन्धिको नेपाल पक्ष राष्ट्र भएसँगै यस्ता सम्पदा क्रमशः फर्किएको विभागले जनाएको छ । हालसम्म बेलायतबाट १९ थान, अष्ट्रेलियाबाट एक, अमेरिकाबाट १०, तिब्बतबाट २८ र जर्मनीबाट एक थान मूर्ति फिर्ता भइसकेको छ ।


# सूचना

**नोभल कोरोना भाईरस (कोभिड( १९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# विश्व समाचार

## भारतमा एकै दिनमा कोभिड-१९ सङ्क्रमित संख्या दुई लाख सत्र हजार

नयाँदिल्ली, ३ वैशाख (रासस/सिन्ह्वा) ।

भारतमा गत २४ घण्टामा थप २ लाख १७ हजार भन्दा बढी व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण देखिएपछि कूल सङ्क्रमितको संख्या एक करोड ४२ लाख ९१ हजार भन्दा बढी पुगेको भारतको केन्द्रिय स्वास्थ्य मन्त्रालयले शुक्रबार जानकारी दिएको छ ।

भारतमा कोरोना भाइरस सङ्क्रमणको माहामारी शुरु भएयता एक दिनमा २ लाख १७ हजार भन्दा बढी संङ्क्रमित हुनु बिहीबार पहिलो पटक भएको समाचारमा जनाइएको छ । यसअघि बुधबार एक दिनमा २ लाख भन्दा बढी व्यक्ति संङ्क्रमित भएका थिए ।

कोरोना सङ्क्रमणबाट बिहीबार एकैदिनमा एक हजार १८५ जनाको मृत्यु भएपछि यस प्रकोपबाट मृत्यु हुने व्यक्तिको सख्या १ लाख ७४ हजार नाघेको छ । पछिल्लो केहीदिनदेखि भारतमा दैनिक एक लाखभन्दा बढी सङ्क्रमित हुदै आएका थिए भने, बुधबार र बिहीबार २ लाख भन्दा बढी सङ्क्रमित भएका हुन् । यो तथ्याङ्कले भारतमा नयाँ सङ्क्रमितहरुको सख्या दैनिक रुपमा बढ्दै गएको देखाएको छ ।

भारतमा हाल १५ लाख ६९ हजार ७४३ जना सक्रिय सङ्क्रमित रहेका छन् । भारतमा गत जनवरी १६ बाट कोरोनाविरुद्ध खोपको शुरुवात भएको थियो । सो समयदेखि हालसम्म ११ करोड ७२ लाख २३ हजार भन्दा बढी व्यक्तिहरु खोप लगाइसकेका छन् । विगत केही दिनहरुमा कोभिड १९ को सङ्क्रमण उच्च रहेको छ । सङ्क्रमण बढ्दै गएपछि विद्यालयहरुले परीक्षा रद्द र स्थगित गर्दै आएको छ ।

भारतको पश्चिम बंगालमा बाँकी रहेको चार चरणमा मतदान के गर्ने भन्ने विषयमा निर्वाचन आयोगको सहभागीतामा शुक्रवार एउटा महत्वपूर्ण बैठक बस्ने जनाइएको छ । राष्ट्रिय राजधानी दिल्ली एक सावधानी उपायको रुपमा एक साताको कर्फ्यु शुक्रवार रातिबाट शुरु भएको छ ।

## दक्षिण अफगानिस्तानमा बम विस्फोट चार सर्वसाधारणको मृत्यु

कान्दाहार, अफगानिस्तान, ३ वैशाख (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको कान्दाहार प्रान्तमा बिहीबार राती भएको एक बम विस्फोटमा परी कम्ती चार सर्वसाधारणको मृत्यु भएको स्थानीय प्रहरी स्रोतले शुक्रबार पुष्टि गरेको छ ।

मारिएका ती सर्वसाधारणमा तीन जना एकै परिवारका रहेका बताइएको छ । एक महिला र उनकै दुई बच्चाको मृत्यु भएको समाचारमा जनाइएको छ । शाह वाली कोट जिल्लाको जर्ताली इलाकामा ती परिवारको गाडी बमसँग ठोक्किँदा उनीहरुको सवारीसाधान ध्वस्त भएको प्रहरी प्रवक्ता जमाल बराक्जाईले सिन्ह्वा समाचार समितिलाई बताउनु भएको छ ।

अफगानिस्तानमा आतङ्ककारीहरुले सुरक्षाबललाई लक्षित गर्दै गृहनिर्मित बम सडक किनारमा विस्फोटन गराउँदै आएका छन् । यस्ता घातक हतियारहरुले सर्वसाधारणलाई पनि बारम्बार हानी पुऱ्याउँदै आएको छ ।

अफगानिस्तानमा सन् २०२० जारी सशस्त्र द्वन्द्वमा परी २ हजार ९५० भन्दा बढी सर्वसाधारणको मृत्यु हुनुको साथै ५ हजार ५४० भनदा बढी घाइते भएका देशको स्वतन्त्र मानवअधिकार आयोगले जनाएको छ । सन् २०२० मा भएका अर्को छुट्टै घटनाहरुमा ३३० जना महिला र ५६५ बालबालिकाको मृत्यु भएको सो आयोग थप जानकारी दिएको छ ।

## अमेरिकाको इन्डियानापोलिसमा गोली चल्यो, कम्तीमा आठ जनाको मृत्यु

इन्डियानापोलिस, ३ वैशाख (रासस-एपी-एएफपी) ।

अमेरिकाको इन्डियानापोलिस शहरमा बिहीबार अबेर साँझ एक व्यक्तिले अन्धाधुन्ध चलाएको गोली लागेर कम्तीमा आठ जनाको मृत्यु भएको छ ।

अन्तर्राष्ट्रिय विमानस्थल नजिकैको फेडेक्सको कार्यालयमा भएको उक्त गोलीकाण्डमा अरु धेरै व्यक्ति घाइते भएको प्रहरीले जनाएको छ । प्रत्यक्षदर्शीहरुले एक व्यक्तिले स्वचालित बन्दुकबाट गोली चलाएको र धेरै राउन्ड फायर गरेको बताएका छन् ।

प्रहरीले गोली चलाउने व्यक्ति पनि मारिएको बताएका छन् । एक प्रत्यक्षदर्शी जेरेमी मिलरले स्थानीय विस-टिभीलाई प्रतिक्रिया दिँदै एक व्यक्तिले स्वचालित राइफलबाट गोली चलाएको देखेको बताउनु भएको छ ।

प्रहरी प्रवक्ता जेनी कूकले पत्रकारहरुसँग कुरा गर्दै प्रहरी तत्कालै घटनास्थलमा पुगेको र कारबाही थालेको बताउनु भएको छ । उहाँले भन्नुभयो, गोली चलाउने व्यक्तिले आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । प्रहरीले उक्त गोलीकाण्डमा धेरै व्यक्तिलाई गोली लागेको र घाइतेहरुलाई तत्कालै अस्पताल पुऱ्याइएको जनाएको छ । फेडेक्सका एक प्रवक्ताले कार्यालयमा गोली चलेको र आफूहरुले प्रहरीलाई मद्दत गरिरहेको जानकारी दिनु भएको छ ।

सामान ढुवानी गर्ने फेडेक्स कम्पनीको इन्डियानापोलिसमा मात्र चार हजारभन्दा बढी मानिसले काम गर्दछन् । गत महिना पनि दक्षिणी क्यालिफोर्नियामा भएको यस्तै आक्रमणमा एक बच्चासहित चार व्यक्तिको गोली लागेर ज्यान गएको थियो । मार्च २२ मा पनि कोलोराडो राज्यको बाउल्डरमा गोली चल्दा १० जनाको मृत्यु भएको थियो ।

संयुक्तराज्य अमेरिकामा हरेक वर्ष गोली लागेर झण्डै ४० हजार व्यक्तिको मृत्यु हुने गरेको अध्ययनहरुले देखाएका छन् । यीमध्ये आधाभन्दा बढी गोली चलाएर आत्महत्या गरेका घटना छन् ।

संयुक्तराज्य अमेरिकामा बन्दुकको नियमन गर्ने बारेमा राजनीतिक तहमा निकै ठूलो बहस हुने गरेको छ, तर बन्दुक राख्ने बारेमा कडा कानुनको अभावमा यसको गलत प्रयोग बढ्दो छ ।

राष्ट्रपति जो बाइडेनले यसै महिना छ वटा कार्यकारी आदेशमा हस्ताक्षर गर्नु भएको छ । उहाँको भनाईमा यी व्यवस्थाले अमेरिकामा बन्दुकसँग सम्बन्धित हिंसा कम हुनेछन् ।

# सिटिजन्स बैंकको शाखारहित बैंकिङ्ग सेवा लालपत्तामा संचालन




**दैनिक समाचारदाता**
**उदयपुर, ३ बैशाख ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले उदयपुर जिल्लाको त्रियुगा नगरपालिका ६ लालपत्तामा १०९ औँ शाखारहित बैंकिङ्ग सेवा प्रारम्भ गरेको छ ।

शाखा रहित बैंकिङ्गबाट निक्षेप संकलन, रकम भुक्तानी, कोष स्थानान्तरण, मोबाइल फोनको बिल भुक्तानी, उपयोगी सेवाहरुको रकम भुक्तानीलगायत बैंकले प्रदान गर्ने अन्य सेवाहरु उपलब्ध गराउने लक्ष्य राखिएको छ ।

यस सेवाबाट ग्रामिण क्षेत्रमा बैंकप्रति उल्लेखिय विश्वास एंव बैंकिङ्ग सभ्यताको बिस्तार हुने अपेक्षा बैंकले लिएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १६७ वटा शाखा, ११३ वटा ए.टि.एम. र १०९ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट करिव साढे नौ लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नविनतम प्रविधिको अधिकतम प्रयोग गर्दै ग्राहकहरुको वित्तीय आवश्यकताहरु डिजिटली च्यानलको माध्यमबाट प्रदान गरिरहेको छ ।

बैंकले चेकको प्रयोग नगरी मोबाइल बैंकिङ्ग एपमा लग-ईन गरेर काउन्टरमा भएको क्यू आर कोड स्क्यान गरी खाताबाट रकम झिक्न स्क्यान एण्ड विथड्र सेवा, मोबाइल बैंकिङ्गको पिन नं बिर्सेमा बैंकको शाखामा गएर निवेदन दिने झन्झट नगरी घरबाटै पिन रिसेट गर्न सकिने जस्ता सेवाहरुको थालनी गरेको छ ।

यस प्रकारको सेवाबाट डिजिटल बैंकिङ्ग सभ्यताको विकासमा टेवापुग्ने विश्वास बैंकले लिएको छ ।

व्यवसायिक ज्ञानको कमि, वित्तीय बजारको यथार्थ जानकारी नहुनु, नीति, नियम र प्रणालीसंग परिचित नहुनु तथा व्यवसायिक तालिम र अभिमुखीकरणको अपर्याप्तता, उचित परामर्शको अभाव, वित्तीय साक्षरता र पहुँचको कमीले लगानी योग्य पुंजी सदुपयोग हुन नसकेको परिस्थितिलाई न्युनिकरण गर्न यस बैंकले वित्तीय साक्षरता कार्यक्रमहरुका साथसाथै सुलभ र सहजतवरले सहुलियतपूर्ण कर्जा प्रवाह गर्दै आएको छ ।

# कर्तब्य ज्यान मुद्दाका फरार प्रतिवादी २६ वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३ बैशाख ।**

कर्तब्य ज्यान मुद्दाका एक फरार प्रतिवादी २६ वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ६ बस्ने सोनेलाल मण्डल छन् ।

घरमा लुकिबसेको अवस्थामा उनलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार मोति मण्डलको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी मण्डल भएको कर्तव्य ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतले २०५२ साल जेठ ३० गते २ वर्ष कैद सजायको फैसला गरेको थियो ।




घटना भएकै मितिदेखी उनी फरार भएका थिए । मण्डललाई शुक्रबारै अदालतमा उपस्थित गराइएको र आदेशानुसार कैद सजाय भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# चार वस्तुको आयात कोटा हटाइयो

काठमाडौँ, ३ वैशाख (रासस) ।

केराउ, सुपारी, छोकडा र नधुल्याइएको मरिचको आयातमा लगाइएको कोटा वितरण प्रणाली स्थगन भएको छ ।

कोटाभन्दा तीन गुणासम्म माग आएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण समितिले कोटा वितरण प्रणाली स्थगित गरेको हो । सरकारले गत चैत ९ मा केराउ, मरिच, छोकडा र सुपारी आयातमा परिमाणात्मक बन्देज लगाएको थियो । चालू आर्थिक वर्ष २०७७/७८ का लागि केराउ ८० हजार, सुपारी २५ हजार, छोकडा ५ हजार र नधुल्याएको मरिच १५ हजार मेट्रिकटन आयात गर्न सकिने गरी सरकारले प्रतिबन्ध हटाएको थियो ।

कोटा प्रणाली लागू भएपछि विभागमा आएका आवेदनको समीक्षा गर्न तत्काल उक्त प्रणाली स्थगित गरिएको विभागका प्रवक्ता शिवराज सेढाईले जानकारी दिनुभयो । उहाँका अनुसार विभागले स्थायी रूपमा कोटा प्रणाली बन्द भने गरेको छैन । कोटो प्रणाली खुला भएपछि विभागमा सुपारी आयात गर्न २५० निवेदनबाट चार लाख ७८ हजार ८४६ मेट्रिक टन माग आएको छ । सुपारी आयातमा मागभन्दा १९ गुणा बढीले आवेदन दिएका थिए ।

यसैगरी, केराउ आयात गर्न ३०४ निवेदनबाट एक लाख ७९ हजार ३३, नधुल्याइएको मरिच आयात गर्न २०६ निवेदनबाट एक लाख ६६ हजार ३०३ र छोकडा आयात गर्न १२४ निवेदनबाट ६० हजार ८०४ मेट्रिक टन माग भएको छ । गत वर्षको चैतमा केराउ, मरिच, छोकडा, सुपारी मदिराजस्ता वस्तुको आयातमा तत्कालीन अर्थमन्त्री डा युवराज खतिवडाले पूर्णरूपमा रोक लगाउनुभएको थियो ।

## हात्तिको ...

गएको थियो ।

कोशी टप्पु बन्यजन्तु आरक्ष क्षेत्रबाट निस्कने जंगली हात्तिको आक्रमणबाट निरन्तर जनधनको क्षति भइरहदा पनि स्थानिय प्रशासन र आरक्ष प्रशासनले नियन्त्रणको ठोस उपाय नचालेको भन्दै स्थानिय आक्रोसित भएका छन् ।

## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- **कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।**
- **संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।**

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- **खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।**
- **समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।**
- **खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।**
- **भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस ।**
- **आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।**

**महत्वपूर्ण सवाल :**

- **ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।**
- **कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।**
- **कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np